कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

डीनको कार्यालय

च. नं. रामपुर, चितवन, नेपाल

फोन : ०५६-५९२४३६/५९२४१२/५२०६०२/०१-४४७८४४८


मितिः २०७२/०६/२६

# कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना फारम Online भर्ने सम्वन्धी सूचना

शैक्षिक सत्र २०७२/०७३ का लागि यस विश्वविद्यालय अन्तर्गत कृषि स्नातक **(B.Sc.Ag.)** तहको शैक्षिक कार्यक्रममा कृषि संकाय, रामपुर, चितवनमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन **Online** बाट मात्र भर्न सक्नेछन् र त्यसको साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, बैंक भौचर, नागरिकता र हालसालै खिचेको पासपोर्ट साइजको संलग्न गर्नु पर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई.एस्सी (विज्ञान/कृषि), १०+२ विज्ञान/कृषि वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क प्राप्त गरि उत्तीर्ण भएको हुनुपर्नेछ । यदि उक्त योग्यता नभई आवेदन फारम भरेमा सो निवेदक अयोग्य ठहरिई प्रवेश परीक्षा दिनबाट वञ्चित हुनेछ ।

२) **आवेदन तथा प्रवेश परीक्षा शुल्क :** आवेदन तथा प्रवेश परीक्षा शुल्क बापत रु. २,०००।०० (दुई हजार) मात्र लाग्ने छ । उक्त शुल्क प्रभु बैंकको कुनै पनि शाखाबाट "**AGRICULTURE AND FORESTRY UNIVERSITY**" नाममा खाता नं. **0171160069276300001** मा रकम जम्मा गरि बैंक भौउचर प्राप्त गर्न सकिनेछ । प्रभु बैंक बाहेक अन्य बैंकबाट उक्त खातामा रकम जम्मा गर्दा लाग्ने अन्तर बैंकिङ्ग शुल्क आवेदकले नै थप गरि बुझाउनु पर्नेछ । बैंक भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम अनिवार्य लेखिएको हुनु पर्नेछ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन् ।

३) **आवेदन फारम भर्ने अवधिः** मिति २०७२ कार्तिक १ गते देखि २०७२ मंसिर ११ गते सम्म www.afu.edu.np मा log in गरि Online बाट गर्न सकिनेछ । Online Application बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फारम उपर कुनै कार्वाही गरिने छैन । संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर समेत अनिवार्य रुपमा Online Application को साथमा बुझाउनु पर्नेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कार्वाही गरिने छैन् ।

४) **प्रवेश परीक्षा हुने मिति र स्थानः**

२०७२ मंसिर १९ गते शनिबार विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**५) प्रवेश पत्र वितरण मिति र स्थानः**

२०७२ मंसिर १९ गते विहान ७ बजे देखि १० बजेसम्म परीक्षा केन्द्रबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता, सक्कल बैंक भौचर र Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page (आवेदकको अनिवार्य हस्ताक्षर भएको) लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीको यकिन गरि तथा सक्कल बैंक भौचर र Confirmation Page बुझि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

**६) भर्नाको नामाबली प्रकाशन मितिः**

**I) मेरिट कोटाको लागिः**

क) भर्नाको लागि प्रथम नामावली २०७२ मंसिर २० गते विहान १०:०० बजे प्रकाशित गरिनेछ र प्रथम नामावालीमा परेका विद्यार्थीहरुले २०७२ मंसिर २१ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७२ मंसिर २२ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७२ मंसिर २३ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७२ मंसिर २४ गते तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो (अन्तिम) नामावालीमा परेका विद्यार्थीहरुले २०७२ मंसिर २५ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**II) अन्य कोटाहरुको लागिः**

अन्य कोटाहरुको सन्दर्भमा मंसिर २८ गते देखि क्रमानुसार पहिलो, दोश्रो, तेस्रो (अन्तिम) नामावाली प्रकाशित गर्दै नियमानुसार भर्ना गरिनेछ । **UDF** साथै विकास क्षेत्र, दलित, जनजाती, मधेसी, अपाङ्ग, शहीद परिवार, द्वन्द पिडित र स्टाफ कोटामा पढ्न चाहने विद्यार्थीहरुले उक्त सम्वन्धि आवेदन फारम भरि बुझाउनु पर्नेछ । उक्त आवेदन फारम २०७२ मंसिर २० गते बाट मंसिर २७ गते सम्म लिन र बुझाउन सकिनेछ । विभिन्न कोटाहरुको लागि भरिने फारम यस शैक्षिक प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

**७) भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०% प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क ५०% हुनेछ ।

८) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरुमा कुल ८० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी-१२ ख) केमेष्ट्री-१२ ग) फिजिक्स-१२ घ) बोटानी-१२
ङ) जुलोजी-१२ च) गणित-१२ र छ) सामान्य ज्ञान र कृषि-८

९) पाँच विकास क्षेत्र, दलित, जनजाती, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा, स्टाफ र **UDF** कोटाका विद्यार्थीहरुको लागि केही सिट छुट्याइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तिण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र पेश गर्नुपर्नेछ । क्षेत्रिय कोटा अर्न्तगत

पढ्नको लागि स्थायी ठेगाना र अध्ययन गरेको सामुदायिक विद्यालय एकै क्षेत्र अन्तरगतको हुनु पर्नेछ । अन्यथा त्यस्ता निवेदन उपर कुनै कार्वाही हुने छैन । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइनेछ । छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनुपर्नेछ । साथै उक्त कोटाका लागि भर्ना पाउन इच्छुक भई आवेदन दिने आवेदकहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

**तपशिलः**

क) क्षेत्रिय कोटाः सम्वन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय ।

ख) दलित कोटाः राष्ट्रिय दलित आयोग ।

ग) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

घ) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।

ङ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय ।

च) शहिद परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) द्वन्द पिडित परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

ज) स्टाफकोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

१०) वि.एस्सी.एजी. **(B.Sc.Ag.)** का लागि १६५ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट **MOU** भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । मेरिट कोटाको भर्ना सकिए पछि अन्य कोटाहरुको क्रमैसंग भर्ना सूचि प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई **UDF** कोटामा समावेश गरि भर्ना लिइनेछ ।

**कोटा विवरणः**

| सि.न. | विवरण | कृषि |
|---|---|---|
| १ | मेरीट | ६९ |
| २ | विकास क्षेत्र | २० |
| ३ | दलित | ५ |
| ४ | जनजाती | ५ |
| ५ | मधेशी | ५ |
| ६ | अपाङ्ग | २ |
| ७ | शहिद परिवार | १ |
| ८ | द्वन्द पिडित | २ |
| ९ | छात्रा | ८ |
| १० | स्टाफ कोटा सहुलियत | ४ |
| ११ | स्टाफ पूर्ण शुल्क | २ |
| १२ | पूर्ण शुल्क **UDF** | ४२ |
| | **जम्मा** | **१६५** |

**११)** आवेदन फारम भर्दा निम्न लिखित **क देखि घ र ज** सम्मका कागजपत्रहरु क्रमवद्ध रुपमा संलग्न गर्नु पर्नेछ ।

क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो र बैंक भौचर

ख) नेपाली नागरिकताको प्रमाणपत्र

ग) एस.एल.सी. परीक्षाको मार्कसिट

घ) प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट

ङ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाण पत्र

च) प्रमाणपत्र तहको चारित्रिक प्रमाण पत्र

छ) प्रमाणपत्र तहको **Provisional Certificate**

ज) समानस्तर निर्धारणको प्रमाण

झ) सम्वन्धित कोटामा भर्ना हुन पाऊ भन्ने निवेदन र सम्वन्धित निकायले सिफारिस गरेको सक्कल सिफारिस पत्र (निवेदन यस संकायबाट उपलब्ध हुनेछ) ।

**१२)** भर्ना हुन आउदा माथि उल्लेखित क देखि झ सम्मका सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु र बुझाउनु पर्नेछ र उक्त प्रमाणपत्रहरु यस संकायमा प्रथम सत्रान्तको अवधिभर राखिनेछ । उक्त अवधिभित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरि सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । यदि माथि उल्लेखित कागजपत्रहरु मध्ये कुनै अपुग भएमा उक्त विद्यार्थीको भर्ना लिइने छैन ।

**१३) UDF** मा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु. १,२०,०००।- (रु. एक लाख बिस हजार) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु. ६०,०००।- बुझाई प्रथम सत्रान्तमा भर्ना हुनु पर्नेछ र दोस्रो किस्ता रु. ६०,०००।- तेस्रो सत्रान्तको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

**१४)** अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता **(AFU Registration)** गर्ने समयमा **Migration Certificate** को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त **Migration Certificate** नबुझाई **AFU Registration** गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

**१५)** अभिमुखीकरण कक्षा **(Orientation Class)** र कक्षा संचालन हुने दिन पछि जानकारी गराइनेछ ।

**१६)** विद्यार्थीहरुलाई छात्रावास उपलब्ध गराउन यस संकाय वाध्य हुने छैन ।

☞ थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

डीन
कृषि संकाय